# अध्याय एक

# शोधपरिचय

## १.१ विषयप्रवेश

निबन्ध शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । यसको अर्थ राम्ररी बाँध्ने काम भन्ने हुन्छ । यसबाट जीवन जगत्का कुनै विषयलाई सौन्दर्यपूर्ण गद्य भाषाका माध्यमबाट लघु आयाममा प्रकट गर्ने साहित्यिक विधा निबन्ध हुन आउँछ । पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग प्राचीन समयदेखि हुँदै आएको भेटिन्छ । भाषाका चारवटा सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये निबन्ध भाषाको लेखाइ सीपअन्तर्गत पर्ने विधा हो । भाषाको सुनाइ तथा बोलाइलाई पूर्ववर्ती सीप र पढाइ तथा लेखाइलाई उत्तरवर्ती सीपका रूपमा लिइन्छ । लेखाइबाट मानिसले आफ्नो विचार अभिव्यक्ति गर्ने क्षमताको विकास गर्छ । लेखाइ कुनै पनि समय र स्थानको सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत् र सार्वभौम प्रकृतिको हुन्छ । भाषाका संरचना तथा शब्दभण्डारको लेख्य प्रयोग लेखाइमा व्यक्त हुन्छ । भाव प्रकाशनको माध्यम  लेखाइ सीपबाट विषयवस्तुलाई छान्ने त्यसै अनुरूप वाक्य संरचना तथा शब्दावलीको छनोट गर्ने क्षमता विकास हुन्छ (ढुङ्गेल र दाहाल, २०६९, पृ. २४५) । निबन्धको मुख्य उद्देश्य निबन्ध लेखन सीप हासिल गर्नु र आफ्ना वस्तु तथ्यात्मक, भावात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापरक्रम मिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुति गर्ने सीप आर्जन गर्नु हो (शर्मा र पौडेल, २०६८, पृ. १८६) । स्वतन्त्र रूपमा लिखित विचारलाई अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास गर्न, क्रमिकताको अवलम्बन गर्न प्रसङ्गअनुसार भाषिक अभिव्यक्ति दिन, शब्दभण्डार क्षमताको अभिवृद्धि गर्न र विद्यालय तहका विद्यार्थीहरूलाई लेखन सीपमा सक्षम बनाउनको लागि निबन्धलेखनको आवश्यकता पर्दछ । आफूले सुनेका, देखेका तथा प्रत्यक्ष अनुभव गरेका विभिन्न विषय तथा घटनाहरूलाई विद्यार्थीको क्षमता अनुसार निर्देशन दिई सिलसिला र क्रम मिलाएर निबन्धलेखन गराइन्छ (पौडेल, २०४०, पृ. ५७) । यसबाट लेखन सीपको विकास हुनुका साथै सिर्जनात्मक क्षमताको विकास गर्न, सरल र प्रभावकारी भूमिका खेल्दछ । यसले लेखाइ विकासमा सहयोग गर्दछ । कुनै व्यक्तिमा उत्पन्न भएको भाव वा विचारलाई सिलसिला मिलाई लेखिने स्वतन्त्र रचना नै निबन्धलेखन हो । यो लेखनकला सिपको उच्च स्तरीय सीपअन्तर्गत पर्दछ । आदि मध्य र अन्त्यको ढाँचामा लेखिने सीप नै

निबन्धलेखन हो (ढुङ्गेल र दाहाल, २०६९, पृ. २४७) । माध्यमिक तहको पाठ्यक्रमले विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अभिवृद्धि गर्न, प्रसङ्गअनुसार भाषिक अभिव्यक्ति दिन, स्वतन्त्र रूपमा आफ्ना विचारहरू व्यक्त गर्न सक्ने क्षमताको विकास गराउने उद्देश्यले निबन्धलाई कक्षा नौको पाठ्यक्रममा समावेश गरिएको छ । विद्यार्थीमा लेखन सीपको विकास गर्नको लागि यो महत्त्वपूर्ण कार्य मानिन्छ । तसर्थ नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता शीर्षक चयन गरिएको हो ।

## १.२ समस्याकथन

माध्यमिक तहमा पुगेका विद्यार्थीको लेखन सिप विषयगत विचार प्रस्तुति र सिर्जनात्मक क्षमता लेखनको स्तरीयता र दक्षता के कस्तो छ भनी अध्ययन गर्नु नै यस शोधकार्यको मुख्य समस्या हो । यस शोधका समस्याहरू निम्न रहेका छन् :

(क) नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूका निबन्धलेखन क्षमता कस्तो छ ?

(ख) विद्यालयको प्रकृतिको आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययन विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

(ग) लैङ्गिकताका आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

## १.३ उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य निम्नलिखित रहेका छन् :

(क) नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु,

(ख) विद्यालयको प्रकृतिको आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति पहिल्याउनु,

(ग) लैङ्गिकताका आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु ।

## १.४ अध्ययनको औचित्य

भाषा मानवीय विचार आदान प्रदान गर्ने एक सशक्त माध्यम हो । भाषाको मुख्य रूप मौखिक भए पनि भाषालाई चिरस्थायी बनाउनको लागि भाषाको लिखित रूपको प्रयोग गरिन्छ । भाषाको प्राचीन रूप कथ्य हो । शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा भाषाको लिखित रूपको प्रयोग गरिन्छ । विद्यार्थीहरूको लिखित र संज्ञानात्मक क्षमताको पहिचान गर्ने प्रमुख आधारका रूपमा निबन्धलाई लिने गरिन्छ । यो लेखाइ सिपसँग सम्बन्धित छ ।

कुनै आन्तरिक विचार अध्ययनबाट प्राप्त ज्ञान तथा दृश्यावलोकनका आधारमा तयार पारिएको स्वतन्त्र लेखनलाई निबन्ध भन्ने गरिन्छ । यसमा वस्तुपरक सत्य तथ्यलाई पनि स्थान दिइन्छ । यी आन्तरिक विचार सत्यतथ्य विषयवस्तुको शृङ्खलाबद्ध प्रस्तुति निबन्धमा पाइन्छ । विद्यालय तहदेखि उच्च शिक्षासम्म पनि निबन्ध शिक्षणलाई पाठ्यपुस्तकमा महत्त्वका साथ राखिएको छ । निबन्ध लेखाइ सिपसँग सम्बन्धित भएकाले व्यक्तिले भन्न खोजेको कुरा कसरी अभिव्यक्त गर्दछ । लेखाइ सिप परीक्षणबाट मात्र स्पष्ट हुन्छ । त्यसकारण माध्यमिक तहमा निबन्ध लेखन क्षमताको अध्ययन आवश्यक छ । लेखन कलाको पहिचानको आधार निबन्धलेखन भएकाले उक्त क्रियाकलापमा सरलता र सहजता मिल्ने अपेक्षा गरिएको छ ।

विद्यार्थीको तह तथा स्तरअनुसारको उद्देश्यहरू तय गरिएको हुन्छ । ती उद्देश्य पूरा भयो वा भएन भनेर विभिन्न क्रियाकलापहरू गर्ने गरिन्छ । यसले विद्यार्थीको बोध क्षमतालाई बुझेर विद्यार्थीको लेखाइ क्षमता के कस्तो छ जानकारी प्राप्त गर्न सकिन्छ । उक्त जानकारीका आधारमा पाठ्यक्रममा सुधार गर्न, व्याख्या विश्लेषण गर्न, मूल्याङ्कन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । विद्यार्थीको स्तरअनुसारको भाषिक सीप विकास गराउन निबन्धलेखन क्रियाकलापलाई मुख्य आधारका रूपमा लिन सकिन्छ । आफूले देखेका, सुनेका, अनुभव गरेका कुरालाई लेख्य रूपमा अभिव्यक्त गर्न सक्षम बनाउने भएकाले निबन्धलेखनले लेखन सीपमा सक्षम बनाउन सहयोग गर्दछ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अध्ययन निम्नलिखित क्षेत्र र सीमामा सीमित रहेको छ :

(क) प्रस्तुत अध्ययन नुवाकोट जिल्लाका बेलकोटगढी नगरपालिका र विदुर नगरपालिकामा रहेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

(ख) विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरू मात्र अध्ययनका लागि छनोट गरएको छ ।

(ग) शोधका लागि सङ्कलित तथ्याङ्कलाई लैङ्गिकता, समग्रता र विद्यालयको प्रकृतिको आधारमा मात्र विश्लेषण गरिएको छ ।

(घ) यो अध्ययन कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लेख्य रूपमा निबन्ध लेखन क्षमता परीक्षणसँग मात्र सीमित रहेको छ ।

(ङ) अध्ययनमा ५० छात्र र ५० छात्रालाई मात्र सहभागी गराइएको छ ।

(च) अध्ययनको निष्कर्ष आफूले गरेको अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा मात्र निकालिएको छ ।

(छ) प्रत्येक विद्यालयबाट छात्र ५ र छात्रा ५ गरी दश जना विद्यार्थी लिइएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता

अध्याय छ : लैङ्गिकताका आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान कार्यलाई अगाडि बढाउनु पूर्व सम्बन्धित विषय क्षेत्रमा भए गरेका अनुसन्धान कार्यको व्यवस्थित अध्ययन गरी ती कार्यहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । आफूले गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाउनको लागि यो आवश्यक छ । पूर्वकार्यको समीक्षाको प्रत्यक्ष र अप्रत्यक्ष रूपमा शोधकार्यमा महत्त्वपूर्ण भूमिका रहन्छ ।

शोधकार्य गर्नुभन्दा अगाडि नै विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनसम्बन्धी अनुसन्धानहरू भएका छन् । लेखाइ सिप विकासका सन्दर्भमा केही पाठ्यपुस्तकहरूमा विषयवस्तु समेटिएका पनि छन् । यहाँ विभिन्न विद्वान्हरूले तयार पारेका विभिन्न तहका पाठ्यपुस्तकका निबन्धलेखन क्षमताको अध्ययनसम्बन्धी शोधप्रतिवेदनहरूको र पुस्तकहरूको छुट्टाछुट्टै समीक्षा गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तकहरूको समीक्षा

ढकाल (२०६८) द्वारा तयार पारिएको *नेपाली भाषा शिक्षण परिचय र प्रयोग* नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा पाइन्छ । यसमा लेखन सीपको महत्त्व, आवश्यकता, औचित्य,लेखाइको प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी, त्रुटिका क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलाप, लेखाइको शुद्धीकरण, आभ्यासिक र निर्देशित लेखन, शिक्षणका क्रममा समेत विचार पुऱ्याउनुपर्ने कुराको उल्लेख गरिएको छ । त्यसैले यो पुस्तक शोधकार्यको लागि उपयोगमा ल्याइएको छ । यस पुस्तकको अध्ययनले प्रस्तुत अध्ययनमा सैद्धान्तिक अवधारणा निर्माणमा सहयोग पुग्दछ ।

शर्मा र पौडेल (२०६८) द्वारा तयार पारिएको *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा निबन्ध लेखनलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप मानिएको छ । यस पुस्तकमा निबन्धलेखनका लागि स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यास गराउन सक्ने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा निबन्ध लेखनको मुख्य उद्देश्य, निबन्धलेखन सिप हासिल गर्नु र आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापरक्रम मिलाइ शृङ्खलाबद्ध रूपमा

प्रस्तुत गर्ने सिप आर्जन गर्नु हो । भनिएको छ । यस पुस्तकले प्रस्तुत शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण गर्न आधार प्राप्त भएको देखिन्छ ।

ढुङ्गेल र दाहाल (२०६९) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा भाषिक सिपलाई बढी प्राथमिकता दिने उद्देश्य रहेको छ । यस पाठ्यपुस्तकमा विधा शिक्षण अन्तर्गत निबन्ध शिक्षणमा पनि जोड दिइएको छ । निबन्ध शिक्षणमा निबन्धको व्युपति, अर्थ, प्रयोजन, शिक्षण प्रक्रियालाई उल्लेख गरेको पाइन्छ । प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार तयार गर्न सहयोग पुगेकाले यहाँ पूर्वकार्यको अध्यनको रूपमा समावेश गरिएको छ ।

पौडेल (२०७०) द्वारा लिखित *भाषिक विधा शिक्षण* नामक पुस्तक नेपाली साहित्यका विभिन्न विधा शिक्षणका लागि अति उपयोगी पुस्तकका रुपमा देखिन्छ । यस पुस्तकमा निबन्ध शिक्षणको प्रमुख प्रयोजन, लेखन कलाको समुचित विकास गर्नु हो भन्दै निबन्ध शिक्षणको क्रममा प्रचलित विधिहरुमा प्रवचन विधि, छलफल विधि, सूत्रविधि, समीक्षा विधि तथा प्रस्तुतीकरण जस्ता विधिहरुको चर्चा गरिएको छ ।

### २.१.२ सम्बद्ध शोधपत्रहरूको समीक्षा

दौल्याल (२०६४) द्वारा 'कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा अध्ययन भएको पाइन्छ । उक्त अनुसन्धानमा कञ्जनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, लिङ्गगत भाषिक पृष्ठभूमि, स्थानीयता र विद्यालय प्रकृतिका दृष्टिले कञ्चनपुर जिल्लाका विद्यार्थीहरूमा देखिएका निबन्धलेखन सम्बन्धी कमीकमजोरीहरू पहिचान गरी निराकरणका उपाय पहिल्याउनु उद्देश्य रहेको छ । प्रस्तुत अनुसन्धानमा क्षेत्रीय अनुसन्धान विधिको माध्यमबाट नमुना छनोटमा कञ्चनपुर जिल्लाका चार गा.वि.स का विद्यालयहरू जस्ता आठवटा विद्यालयका ८० जना विद्यार्थीहरू परेका छन् । सामग्री निर्माणको क्रममा एउटा निबन्धलेखनको शीर्षक तयार पारिएको छ । यस शोधपत्रले प्रस्तुत शोधलाई भाषिक तथा लैङ्गिक पृष्ठभूमिमा लेखन क्षमता पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

खनाल (२०६७) द्वारा तयार पारिएको 'कास्की जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा कास्की जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले जम्मा

१०० जना विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । यस शोधपत्रमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषा नेपाली हुने र दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, छात्र र छात्राको निबन्धलेखन क्षमताको तुलनात्मक रूपमा अध्ययन गरिएको छ । त्यस्तै कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखनका क्रममा देखापरेका समस्याहरूको पहिचान गरी सुझावसम्मेत पेश गर्नु मुख्य उद्देश्य रहेको छ । उक्त शोधपत्रमा प्रकाशित, मध्यमान, मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण गरी सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको लेखन क्षमता सबल रहेको छ । त्यस्तै नेपाली भाषा पहिलो हुने विद्यार्थीको लेखन क्षमता दोस्रो भाषा नेपाली हुनेको तुलनामा राम्रो रहेको छ र छात्राको तुलनामा छात्रको लेखन क्षता नराम्रो रहेको निष्कर्ष निकालिएको छ भने समग्रमा अध्ययनले समस्या समाधानका लागि केही उपायहरू समेत निकालिएको छ । यस शोधपत्रले प्रस्तुत शोधपत्रमा व्याख्या विश्लेषणका लागि सहयोग पुऱ्याएको छ ।

पोखरेल (२०६७) द्वारा तयार पारिएको 'बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोध प्रस्तुत गरिएको छ । सो शोध प्रस्तुत शोधपत्रसँग मिल्दो अनुसन्धान हो । प्रस्तुत शोधले विद्यार्थीहरूको स्वतन्त्र एवम् सृजनात्मक क्षमताको विकास कसरी गर्न सकिन्छ, विद्यार्थीहरूका निबन्धलेखन क्षमताको स्तर कस्तो रहेको छ, भन्ने जस्ता विषयहरूको बारेमा जानकारी दिइएको छ । विद्यार्थीहरूको लेखाइ सिपसँग सम्बन्धित सिप विकास गर्न यो शोध केन्द्रीय रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभमिका आधारमा पहिलो र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, विद्यालयका प्रकृति अनुसार विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यार्थीहरूको लेखन क्षमतामा देखापरेका कमीकमजोरीहरूको समाधानको उपायहरू पत्ता लगाउनु उद्देश्यहरू रहेका छन् । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा बाँके जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन सम्बन्धी देखिएका भिन्नतालाई औंल्याएको छ । बाँके जिल्लाका आठ वटा सामुदायिक र दुई वटा संस्थागत गरी जम्मा दशवटा विद्यालयबाट १०/१० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित रहेको पाइन्छ । यस शोधको अध्ययन

पश्चात प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनले आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

बस्नेत (२०६८) द्वारा तयार पारिएको 'महोत्तरी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपनि यस शीर्षकसँग मिल्दो अर्को अनुसन्धान हो । यस शोधमा माध्यमिक तहका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमता कस्तो छ भन्ने विषयमा चर्चा गरिएको छ । प्रस्तुत शोधको उद्देश्यहरू महोत्तरी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको निबन्धलेखन क्षमता पहिल्याउनु, विद्यार्थीहरूमा निबन्धलेखन सम्बन्धी देखिएका कमी कमीकमजोरी पत्ता लगाउनु, सुझावका उपायहरू सुझाउनु रहेको पाइन्छ । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधि अपनाइ महोत्तरी जिल्लाको ६ वटा विद्यालयका १०/१० जनाका दरले ६० जना कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूलाई छनोट गरिएको छ । विभिन्न शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाई त्यसको परीक्षण गरी समूहमा विभिन्न निष्कर्षहरू निकालेर समस्या समाधानका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ । जसले यस अनुसन्धानको लागि सहयोग पुऱ्याएको छ । यस शोधपत्रको अध्ययनपछि प्रस्तुत शोधपत्रलाई सामग्री व्याख्या विश्लेषणमा सहयोग गरेको छ ।

दुलाल (२०६८) द्वारा 'रामेछाप जिल्लाका सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र प्रस्तुत शोधपत्रसँग मिल्दो अध्ययन हो । रामेछाप जिल्लाका सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु, सहरी र ग्रामीण सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता तथा नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको लेखन क्षमता तथा नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको लेखन क्षमताबिच तुलना गर्नु, मूल्याङ्कन गर्नु, उक्त शोधपत्रका उद्देश्य रहेका छन् । क्षेत्रीय अध्ययन विधिद्वारा नमुनाका रूपमा रामेछाप जिल्लाका ६ वटा विद्यालयका ९० जना विद्यार्थीहरू रहेका छन् । विद्यार्थीले लेखेका निबन्धको परीक्षण गरिएको प्रस्तुत शोधपत्र मा ग्रामीण सामुदायिक विद्यालयका तुलनामा सहरी विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता उच्च रहेको, छात्राको तुलनामा छात्रको र नेपाली दोस्रो भाषी विद्यार्थीको भन्दा नेपाली

पहिलो भाषी विद्यार्थीको लेखन क्षमता सबल रहेको देखाइएको छ । यस शोधपत्रको अध्ययनबाट प्रस्तुत शोधपत्रलाई उद्देश्य छनोटमा सहयोग पुऱ्याएको छ ।

पोखरेल (२०६९) द्वारा तयार पारिएको 'पाल्पा जिल्लाको कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्र प्रस्तुत शीर्षकसँग मिल्दो छ । यस शोधले विद्यार्थीहरूको लेखन क्षमताको विकास साथै सृजनात्मक क्षमताको विकास कसरी गर्न सकिन्छ । कस्तो खालको विकास हुन्छ ? जस्तो कुराको बारेमा जानकारी दिइएको छ । प्रस्तुत शोधका उद्देश्य पाल्पा जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यलायका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउन भाषिक पृष्ठभूमिका आधारमा पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु तथा निबन्ध लेखन सम्बन्धी देखिएका कमीकमजोरीलाई पहिल्याई निराकरणका लागि आवश्यक सुझाव दिनु रहेको पाइन्छ । प्रस्तुत शोधमा क्षेत्रीय सामग्री सङ्कलन विधि अपनाइएको पाइन्छ । यस विधिद्वारा पाल्पा जिल्लाका सातवटा गा.वि.स अन्तर्गतका सामुदायिक र संस्थागत गरी दश वटा विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरेको पाइन्छ । यस शोधमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता स्तरीय रहेको कुरा उल्लेख गरिएको छ । यस शोधकार्यबाट प्रस्तुत शोधकार्यमा दोस्रो मातृभाषी विद्यार्थीहरूको लेखन क्षमता पहिल्याउन मद्दत गर्नुका साथै वर्णनात्मक र क्षेत्रीय विधिको प्रयोगमा सहयोग पुऱ्याएको छ ।

लौडारी (२०७१) द्वारा 'तनहुँ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । तनहुँ जिल्ला भित्रका संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्ने उद्देश्य राखिएको पाइयो । चारवटा विद्यालयबाट ४० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि शोधकर्ताको प्रत्यक्ष सङ्लग्नतामा निबन्ध लेख्न लगाइएको पाइन्छ । प्रस्तुत उत्तपुस्तिकाको परीक्षण पश्चात् विद्यार्थीहरूलाई पाँच श्रेणीमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ । निष्कर्षमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई प्रतिशत र स्तम्भ चित्रको आधारमा हेर्दा सगम्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको पाइन्छ । संस्थागत

विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको पाइयो । छात्रा विद्यार्थीको भन्दा छात्रको निबन्धलेखन क्षमता कमजोर रहेको कुरा निष्कर्षमा प्रस्तुत गरिएको छ । यस शोधको अध्ययनपश्चात प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ । यस शोधपत्रले प्रस्तुत सामग्री व्याख्या विश्लेषणमा सहयोग पुगेको छ ।

ढकाल (२०७२) द्वारा 'महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधमा महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययन विद्याथीहरूको निबन्धलेखन क्षमता पहिल्याउनु र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, जस्ता उद्देश्य यस शोधकार्यमा राखिएको छ । अनुसन्धानमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिलाई प्रमुख विधिको रूपमा प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनका क्रममा नमुना छनोटको रुपमा महोत्तरी जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा १० वटा विद्यालयका १० /१० जनाका दरले १०० जना विद्यार्थीहरूको अध्ययन गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई हेर्दा सन्तोषजनक रहको पाइन्छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो देखिन्छ । प्राप्त तथ्याङ्कलाई मध्यमान र समुहगत आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा के कति भिन्नता छ । भनेर पत्ता लगाउन मानक विचलन समेत निकालेर विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययन पश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्ने, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न उपयोगी रहेको छ ।

गिरी (२०७३) द्वारा 'दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा दाङ जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु विद्यालयको प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य रहेको पाइन्छ । प्रस्तुत अनुसनधानमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधि प्रमुख विधिको रूपमा प्रयोग गरेको पाइन्छ । उक्त अध्ययनमा नमुना छनोटका रूपमा दाङ जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा १०

वटा विद्यालयका १०/१० जना विद्यार्थीका दरले १०० जना विद्यार्थीहरूको अध्ययन गरिएको पाइन्छ । यस शोधमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको छ । उक्त नतिजाका आधारमा विश्लेषण गर्दा कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । यस शोधपत्रको अध्ययनबाट प्रस्तुत शोधपत्रलाई उद्देश्य छनोटमा सहयोग पुऱ्याएको छ ।

तिमल्सिना (२०७४) द्वारा लिखित 'धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य रहेको पाइन्छ । उक्त अध्ययनमा नमुना छनोटका रूपमा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूबाट सामुदायिक र संस्थागत गरी जम्मा १० वटा विद्यालयका १०/१० जना विद्यार्थीहरूका दरले १०० जना विद्यार्थीहरूको अध्ययन गरेको पाइन्छ । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको निबन्धलेखन क्षमता उच्च रहेको, छात्राहरूको तुलनामा छात्रहरू कमजोर रहेको निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनपछि प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलन तथा व्याख्या विश्लेषणमा सहयोग पुगेको छ ।

पूर्वकार्यको समीक्षा गर्दा हालसम्म निबन्धलेखन सम्बन्धी विभिन्न अनुसन्धानहरू भएका छन् । यी शोधहरूले प्रस्तुत अध्ययनलाई महत्त्वपूर्ण आधार प्रदान गरेका छन् । विभिन्न लेखक तथा शोधार्थीहरूले लेखनसिप सम्बन्धी विभिन्न शीर्षकमा अध्ययन गरेको पाइएता पनि नुवाकोट जिल्ला कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी निबन्धलेखन क्षमता सम्बन्धी अध्ययन भएको भेटिदैन, त्यसैले नुवाकोट जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई छनोट गरी निबन्धलेखन गराइएको छ । विद्यार्थीहरूबाट प्राप्त उत्तर पुस्तिका परीक्षण गरी व्याख्या विश्लेषण गरिएको छ । साथै विभिन्न लेखक तथा शोधार्थीका शोध र पाठ्यपुस्तकलाई पूर्व कार्यको रूपमा अध्ययन गरिएको छ । यी पाठ्यपुस्तक र शोधपत्रहरू पूर्वकार्यलाई सहयोगी आधारका रूपमा लिई शोध तयार पारिएको छ । जसले यस अध्ययनलाई अन्य अध्ययनभन्दा विशिष्ट बनाएको छ ।

### २.१.३ पूर्वकार्यको उपादेयता

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा विभिन्न विद्वान्हरूका पुस्तकहरूलाई उपयोग गरिएको छ । यी कृतिहरूले यस अध्ययनलाई सैद्धान्तिक अवधारणा निर्माण गर्न, अध्ययनको पृष्ठभूमि तयार गर्न, उद्देश्य निर्माण गर्न निकै महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यस्तै विद्यार्थीको लेखन सीपमा निखारता ल्याउन, वर्णविन्यास, शब्दभण्डार, वाक्यगठन, चिह्नप्रयोग जस्ता पक्षको विकास गराउन यी पाठ्यपुस्तक आवश्यक देखिन्छ । निबन्ध लेखनको ढाँचा, परिचय, उद्देश्य, आवश्यकता, प्रयोजन, नीति, सल्लाह सुझाव र उपयोगिता उल्लेख गर्न समेत यी पुस्तकले सहयोग गरेका छन् । त्यसैले यी विद्वान्हरूका पुस्तकहरू यस अध्ययनका लागि मार्गदर्शक बनेका छन् ।

विभिन्न लेखकहरूले तयार पारेका लेखनकला सीपसँग सम्बन्धित शोध अध्ययनले पनि यस शोध अध्ययनलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । निबन्धसम्बन्धी शोधपत्रहरूले अध्ययनको विधि छनोट गर्न, उद्देश्य निर्माण गर्न, सीमाङ्कन गर्न, तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्न सारांश, निष्कर्ष र उपयोगिता जस्ता विविध पक्षहरूमा विभिन्न शोधार्थीले तयार पारेको शोधपत्रले सहयोग पुऱ्याएको छ ।

विभिन्न विद्वान्का भाषा शिक्षणसम्बन्धी पाठ्यपुस्तक लगायत शोधार्थीका शोध अध्ययनले यस अनुसन्धानलाई सैद्धान्तिक अनि व्यावहारिक बनाउन र विविध उद्देश्य निर्धारण गरी सरलतापूर्वक र सफलतापूर्वक समापन गर्न योगदान दिइएका छन् ।

## २.२ सैद्धान्तिक अवधारणा

नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्धलेखन क्षमताको सैद्धान्तिक अवधारणा निम्नानुसार गरिएको छ :

### २.२.१ निबन्धको परिचय

साहित्यका विविध विधा मध्ये निबन्ध एउटा महत्त्वपूर्ण गद्य विधा हो । यसमा आफूले जानेका बुझेका र अनुभव गरेका कुराहरूलाई स्वतन्त्र रूपमा प्रस्तुत गरिन्छ । निबन्धलाई साहित्यको कान्छो विधा मानिन्छ । यस विधालाई पूर्वीय र पाश्चात्य साहित्यका विद्वानहरूले आ-आफ्नै तरिकाले अर्थ्याएको पाइन्छ ।

निबन्ध शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संस्कृत भाषाको 'बन्ध' धातुमा 'घञ्' अ प्रत्यय लाग्दा 'बन्ध' शब्द बन्छ र त्यस 'बन्ध' शब्दमा 'नि' उपसर्ग

लाग्दा 'निबन्ध' शब्द बन्दछ । यसरी नि + बन्ध+ घञ् (अ) मिलेर बनेको 'निबन्ध' शब्दको व्युत्पत्तिमूलक अर्थ हुन्छ राम्ररी बाध्ने काम र 'निबन्ध' शब्दको व्यत्पतिमूलक अर्थलाई जोडेर हेर्दा यसले जीवनजगत्का कुनै विषयलाई सौन्दर्यपूर्ण गद्य भाषाका माध्यमबाट लघु आयाममा प्रकट गरेको साहित्यिक विधालाई बुझाउँछ (भण्डारी र अन्य, २०६७, पृ. ४५१) । आख्यानेत्तर गद्य विधाअन्तर्गत पर्ने निबन्ध साहित्यिक र साहित्येतर दुवै हुन सक्छ ।

निबन्ध भनेको त्यस्तो साहित्यिक रचना हो । जुन एउटा विषयमा मात्र केन्द्रित हुन्छ । अनि यो न लामो न छोटो संरचनामा संरचित भएर लेखकका व्यक्तिगत अनुभव, अनुकृति, दृष्टिकोणहरू सहज र स्वभावित रूपमा व्यक्र भएको हुन्छ । जीवनयापनका क्रममा लेखकले प्राप्त गरेको अनुभवहरूलाई वैयक्तिकताका साथ व्यक्त गर्दा निबन्धको सिर्जना हुन्छ । शैली वा प्रस्तुतिका आधारमा निबन्ध वस्तुपरक र आत्मपरक गरी दुई प्रकारका देखिन्छन् । वस्तुपरक निबन्धमा कुनै व्यक्ति, वस्तु वा स्थानलाई विषयवस्तुका रूपमा लिएर वस्तुपरक निबन्धको रचना गर्न सकिन्छ । निबन्धमा वस्तुको सम्पूर्णता व्यक्त हुने हुनाले निबन्ध पठनासाथ त्यसको प्रतिमूर्ति पाठकको मानसिकतामा उपस्थित हुन्छ । त्यसै गरी आत्मपरक निबन्धमा निबन्धकारले कुनै वस्तुलाई निबन्धका विषयको रूपमा टिपेर त्यसलाई आत्मगत रूपमा व्यक्त गर्दछ । तसर्थ वैयक्तिकता र आत्मपरकता निबन्धको आत्मको प्रवलता रहेको हुन्छ (ओझा, २०७१, पृ. ६७) । जीवनजगत्का कुनै पनि विषयवस्तुलाई आत्मपरक वा वस्तुपरक शैलीमा प्रस्तुत गरिने आफैँमा पूर्ण गद्य साहित्यिक रचना निबन्ध हो ।

यसरी साहित्यकारले आफैले भोगेका, देखेका, सुनेका र अनुभव गरेका कुराहरूलाई अनुपम शैलीका माध्यमबाट पाठकमाझ निबन्धहरू पुगेका हुँदा नेपाली साहित्य क्षेत्रमा यस विधाले आफ्नो छुट्टै अस्तित्व बनाउन सफल भएको छ ।

### २.२.३ लेखन सिपको विकासमा निबन्ध लेखनको भूमिका

भाषाका चारवटा सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ मध्ये लेखाइसिप एउटा महत्त्वपूर्ण सिप हो । आफ्ना मनमा लागेका कुराहरूलाई स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने काम निबन्ध लेखनमा गरिन्छ । निबन्ध लेखन लेखाइ सिपसँग सम्बन्धित छ । आफ्ना विचार र भावनाहरूलाई कालान्तरसम्म सुरक्षित राख्नको लागि लेखाइ सीपको आवश्यकता पर्दछ । लेखनसिप अन्तर्गत पर्ने निबन्ध लेखन, चिठी लेखन, संवाद लेखन, अनुच्छेद लेखन, सारांश

लेखन, जस्ता सिपहरूको प्रभावकारी रूपमा विकास गराउनको लागि निबन्ध लेखनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

निबन्धलेखन लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप हो । यसका लागि विद्यार्थीहरूमा प्रशस्त प्रौढताको आवश्यकता पर्दछ । यसमा स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यास गराउन सकिन्छ । यसका लागि अनुच्छेद लेखनका निम्ति उपयोगी हुने खालका शीर्षकहरू नै पनि दिन सकिन्छ । निबन्धको मुख्य उद्देश्य निबन्ध लेखन सीप हासिल गर्नु र आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिवादनलाई पूर्वापरक्रम मिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सीप आर्जन गर्नु हो (शर्मा र पौडेल, २०६८, पृ. १८६) । विद्यार्थीहरूका भावनात्मक र विश्लेषणात्मक क्षमता सबल बनाउनको लागि पनि निबन्ध लेखनको उल्लेखनीय भूमिका खेल्दछ ।

समग्रमा भन्नु पर्दा विद्यार्थीहरूमा लेखन सिपको विकासबाट वर्णविन्यास, शब्दभण्डार चिह्न प्रयोग, वाक्यगठन, व्याकरणगत विषयवस्तु, आदि मध्य र अन्त्यको ढाँचा मिलाएर लेखनको लागि समेत निबन्धलेखनको महत्त्वपूर्ण पूर्ण भूमिका रहेको छ । त्यसैले लेखन सिपको विकास गर्नमा निबन्ध लेखनको उच्च भूमिका रहन्छ ।

### २.२.४ माध्यमिक तहमा निबन्ध शिक्षणको आवश्यकता र महत्त्व

मौखिक भाषाको दाँजोमा लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी कार्यन्वयनमा ल्याइन्छ । मानवीय अनुभव तथा ज्ञानलाई संरचित गर्न तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा भाषालाई फैलाउन र सम्प्रेषण योग्य बनाउनको लागि भाषाको लिखित रूपको उल्लेख्य भुमिका रहेको हुन्छ । त्यसैले माध्यमिक तहका विद्यार्थीहरूमा लेखन सिपको विकास गर्नको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ ।

सिकारुमा शैक्षिक प्राज्ञिक र व्यवहारिक तथा मौखिक अभिव्यक्ति निकटका यावत् कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिलाउन, स्वतन्त्र वा सिर्जनात्मक लेखनमा सामर्थ्य बढाउन, उपयुक्त लेख्य चिह्न र लिपि प्रयोग गरी स्तरीय लेख्य सिप प्राप्त गराउन, लेख्य रूपमा कलात्मक अभिव्यक्ति दिने सामर्थ्य बढाउन र जीवनका व्यावहारिक समस्या समाधान गरी आत्मनिर्भर बनेर बाँच्न लेख्य सामर्थ्य दिलाउन, लेखनकलाको आवश्यकता पर्दछ ( पौडेल, २०७०, पृ. ८५) त्यसैले विद्यार्थीहरूका लेखन कलाको विकास गराउनको लागि निबन्धलेखनको आवश्यकता पर्दछ ।

समग्रमा भन्नुपर्दा आफूले देखेका, सुनेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्न, कुनै पनि साहित्यिक कृतिलाई आदि मध्य र अन्त्यको ढाँचामा मिलाएर लेख्नको लागि माध्यमिक तहमा निबन्ध लेखनको अभ्यास गराउनुपर्दछ । साथै निबन्ध लेखनले शब्दभण्डरा क्षमताको अभिवृत्ति गर्न, स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन, क्रमिकताको निर्वाह गर्न र प्रसङ्ग वा भावले मागेको भाषागत सामर्थ्यको विकास गराउन माध्यमिक तहमा निबन्ध लेखनको आवश्यकता पर्दछ ।

### २.२.५ माध्यमिक तहमा निबन्धलेखनको प्रयोग

निबन्ध लेखाइ सिपसँग सम्बन्धित गद्य विधा हो । यो साहित्यको कान्छो विधाको रूपमा चिनिन्छ । भाषिक सिप विकासका दृष्टिले निबन्धशिक्षणका विशिष्ट प्रयोजनहरूलाई निम्नानुसार औल्याउन सकिन्छ :

- भाषाका ग्रहण र अभिव्यक्ति सिपको विकास गर्नु,
- गहन पठनबोध क्षमताको विकास गर्नु,
- विविध क्षेत्रका शब्दभण्डार क्षमताको विकास गर्नु
- सस्वर पठन, श्रुतिबोध, श्रुतिलेखन, उच्चारण, शब्दार्थ र शब्द प्रयोगमा थप अभ्यास गराउनु,
- प्रश्नोत्तर छलफल, व्याख्या बुँदा टिपोट, सारांश भावविस्तार जस्ता विविध भाषिक क्षमता वृद्धि गर्न मद्दत पुऱ्याउनु,
- निबन्ध विधाको स्वरूप पहिचान गरी स्तरयुक्त अभिव्यक्ति ढाँचामा निर्देशित र स्वतन्त्र निबन्धलेखन सिप विकासित गर्न,
- वैयक्तिक, निर्वैयक्तिक वा आत्मपरक र भावपरक निबन्ध लेख्ने अभ्यास गराउनु,
- निबन्धात्मक भाषिक अभिव्यक्ति अनुरूपमा विविध भाषातात्विक एवम् व्यारणात्मक अभ्यास गराउनु,
- स्वतन्त्र आत्मप्रकाशन, प्रभावकारी अनुच्छेद, गठन र निबन्ध लेखन क्षमता बढाई व्यक्तित्व विकासमा मद्दत पुऱ्याउनु ।
- माध्यमिक तहको पाठ्यक्रमले विद्यार्थीहरूमा लेखन सीपमा सहयोग पुऱ्याउनु आदि ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि र प्रक्रिया

अनुसन्धान कार्यमा अध्ययनविधि एक महत्त्वपूर्ण अङ्गको रूपमा रहेको हुन्छ । अनुसन्धान कार्यमा अनुसन्धान कर्ताले समस्याको समाधान गर्न अपनाउने विधिलाई अनुसन्धान विधि भनिन्छ । अनुसन्धानकार्य जटिल कार्य भएकाले विभिन्न विधिहरूको छनोट गरी अनुसन्धान गरिन्छ । अध्ययनको प्रकृतिका आधारमा अध्ययन विधि तथा प्रक्रियाको अवलम्बन गरी निम्नलिखित प्रक्रिया अपनाएर अध्ययन गरिएको छ :

### ३.१.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनमा नुवाकोट जिल्लाको शैक्षिक सत्र २०७५ मा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

#### ३.१.१.१ प्रतिनिधि नमुना छनोट

सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी सम्भावना वर्ग छनोट गरी गरिने अध्ययन विधि नै प्रतिनिधि नमुना छनोट विधि हो । यो विधिबाट नमुना छनोट गर्दा नुवाकोट जिल्लाअन्तर्गत पर्ने परिशिष्टमा दिइएका १० वटा विद्यालयबाट कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट फरक विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा ५/५ जना क्रमशः छात्र र छात्रा पर्ने गरी प्रत्येक मा.वि. बाट १०/१० जनाका दरले क्रमशः १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ ।

प्रस्तुत अध्ययनमा नुवाकोट जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा कक्षा ९ मा अध्ययनरत १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । प्रतिनिधि नमुना छनोटका लागि सम्भावना नमुना छनोट विधिको आधारमा नमुना छनोट गरिएको छ ।

### ३.१.२ सामग्री सङ्कलनका स्रोतहरू

प्रस्तुत शोधापत्रका लागि दुई तरिकाको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.१.२.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ता आफैँ सम्बन्धित क्षेत्रमा गएर तथ्याङ्क सङ्कलन गर्ने कार्य प्राथमिक स्रोतमा गरिन्छ । प्रस्तुत शोधपत्र तयार पार्नका लागि नुवाकोट जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका सामुदायिक विद्यालय पाँचवटा र संस्थागत विद्यालय पाँचवटा गरी १० वटा विद्यालयमा गरिएको छ । छनोटमा परेका प्रत्येक विद्यालयका १०/१० जना छात्र छात्रा गरी १०० जना विद्यार्थीहरूमा निबन्धलेखन कार्य गरिएको छ । यिनै सामुदायिक र संस्थागत विद्यालयका छात्र छात्राहरूको निबन्धलेखन परीक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यार्थीबाट प्राप्त उत्तरपुस्तिकालाई शीर्षक विषयवस्तु, ढाँचा, प्रस्तुति र भाषिक शुद्धता जस्ता आवश्यक कुरा समाविष्ट गरे नगरेको परीक्षणका आधारमा प्राप्त अङ्कलाई प्राथमिक स्रोत मानिएको छ ।

### ३.१.२.२ द्वितीयक स्रोत

शोधकर्ता आफूले अध्ययन अनुसन्धान गर्नुपूर्व अरूले विश्लेषण गरेका सामग्रीलाई अध्ययन गरेर सामग्री सङ्कलन गर्ने कार्य नै द्वितीयक स्रोत सङ्कलन हो । द्वितीयक स्रोतबाट प्राप्त सामग्री अत्यन्त महत्त्वपूर्ण मानिन्छ । त्यसले यस अध्ययन अनुसन्धानमा निबन्धलेखनसम्बन्धी साहित्यिक तथा अन्य पुस्तकहरू, पत्रपत्रिकाहरू, लेखरचनाहरू र शोधपत्रहरू आदिबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.१.३ पूर्वपरीक्षण

पूर्व परीक्षण गर्दा श्री विरेन्द्र माध्यमिक विद्यालय र अर्किड एकेडेमीका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्ये १०/१० गरी जम्मा २० जना विद्यार्थीहरूलाई गरिएको थियो । छनोट गरिएका विद्यार्थीहरूलाई देहायका ३ प्रश्न परीक्षण गरिएको थियो । पूर्वपरीक्षणमा समय ३० मिनेट र पूर्णाङ्क १० तोकिएको थियो ।

(क) मेरो जीवनको लक्ष्य

(ख) प्राविधिक शिक्षा

(ग) देश विकासमा विद्यार्थीको भूमिका

माथिका तीन ३ प्रश्नमध्ये पूर्व परीक्षण गरी उत्तरपुस्तिका परीक्षण गरेर हेर्दा प्राविधिक शिक्षामा १ जना, मेरो जीवनको लक्ष्यमा ५ जना र देश विकासमा विद्यार्थीको

भूमिकामा १४ जना गरी जम्मा २० जना विद्यार्थीको परीक्षण गरिएको थियो । परीक्षणबाट प्राप्त नतिजाका आधारमा हेर्दा देश विकासमा विद्यार्थीको भूमिका शीर्षकमा सबैभन्दा राम्रो देखिएको छ । त्यसकारण यस शोधपत्र तयार गर्दा सामग्री सङ्कलनको प्रश्नको रूपमा प्रश्न (ग) लाई उपयोग गरिएको छ । यही प्रश्नलाई आधार मानी परीक्षण गरी तयार गरिएको छ ।

### ३.१.४ तथ्याङ्कको सङ्कलन

पूर्व परीक्षण गरिसकेपछि तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रश्नको छनोट गर्दा माध्यमिक तहको पाठ्यक्रममा निबन्धलाई १० पूर्णाङ्क छुट्याइएको छ । सोही आधारमा १० पूर्णाङ्क र समय २० मिनेट मानी अदृष्टांश रुपमा देश विकासमा विद्यार्थीको भूमिका शीर्षकलाई छनोट गरिएको छ । उपयुक्त शीर्षक निर्धारण भएपछि तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयमा शोधकर्ता प्रत्यक्ष उपस्थित भएर निर्धारित शीर्षकमा निश्चित समयको परिधिमा रही निबन्ध लेख्न लगाइएको छ । शीर्षक, विषयवस्तु, ढाँचा, प्रस्तुति, भाषिकशुद्धताका आधारमा उत्तरपुस्तिका परीक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**अङ्कन विधि**

| शीर्षक | विषयवस्तु | ढाँचा | प्रस्तुति | भाषिक शुद्धता |
|---|---|---|---|---|
| १ | ४ | १ | २ | २ |

### ३.१.५ तथ्याङ्कको विश्लेषण

प्रस्तुत अध्ययनमा स्वतन्त्रलेखन गराइएको छ । विद्यार्थीहरूबाट प्राप्त उत्तरपुस्तिकालाई विद्यालयको प्रकृति, लैङ्गिकता, सामग्रताका विभिन्न आधारहरू लिइएर तुलनात्मक रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ । निबन्धलेखनका क्रममा शीर्षक, विषयवस्तु, ढाँचा, प्रस्तुति भाषिक शुद्धता जस्ता विभिन्न शीर्षकमा अङ्क विभाजन गरिएको छ । यसबाट प्राप्त नतिजालाई एक आपसमा तुलना गरी निष्कर्ष निकालिएको छ । शोधपत्रको उद्देश्य अनुरूप सङ्कलन गरेको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी प्रतिशत र मध्यमानबाट प्राप्त नतिजाको व्याख्या विश्लेषण पश्चात निष्कर्ष निकाली सोही

आधारमा सुझाव समेत प्रस्तुत गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई सात श्रेणीमा विभाजन गरिएको छ । श्रेणी विभाजन गर्ने क्रममा २१-३० अङ्क प्राप्त गर्नेलाई निम्न (औसतभन्दा कम) श्रेणी मानिएको छ भने ३१-४० औसत श्रेणी र ४१-५० अङ्क ल्याउनेलाई औसत माथिको श्रेणी मानिएको छ । ५१-६० राम्रो श्रेणी, ६१-७० धेरै राम्रो श्रेणी मानिएको छ । त्यस्तै ७१-८० उत्तम र ८१ भन्दा माथिको श्रेणीलाई अति उत्तम भनी नतिजाको व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

१. मध्यमान (Mean) गणना गर्न प्रयोगमा ल्याएको सूत्र

$$\overline{x} = \frac{\Sigma fx}{N} \text{ वा } \frac{\Sigma x}{N}$$

यहाँ,

$\overline{x}$ = मध्यमान

f = बारम्बारता

x = तथ्याङ्क

N = विद्यार्थी सङ्ख्या

२. मानक विचलनको गणना गर्दा प्रयोगमा ल्याइएको सूत्र

$$\sigma \sqrt{\frac{\Sigma fx^2 - \frac{(\Sigma fx)^2}{N}}{N}}$$

यहाँ

Σ = योगफल

fx = प्राप्ताङ्क र आवृत्तिको गुणन

$fx^2$ = प्राप्ताङ्क र आवृत्तिको गुणनफलको वर्ग

N = जम्मा संख्या

अतः माथि उल्लेखित सूत्रहरूका आधारमा तथ्याङ्कहरूको व्याख्या विश्लेषण गरी प्रस्तुतीकरण गरिएको छ ।

# अध्याय चार

# नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता

प्रस्तुत अध्ययन नुवाकोट जिल्लाका कक्षा नौमामा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने उद्देश्यमा आधारित रहेको छ । यस अध्ययनमा सामुदायिक विद्यालयका ५ र संस्थागत विद्यालयका ५ गरी जम्मा १० वटा विद्यालय र १०० जना छात्र छात्राहरूलाई नमुनाका रूपमा छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस सङ्कलन गरिएको सामग्रीलाई विभिन्न तत्त्वहरू विषयवस्तु, ढाँचा, प्रस्तुति र भाषिक शुद्धताको प्रयोगलाई आधार मानेर अङ्क प्रदान गरिएको छ । समग्र विद्यार्थीको निबन्धलेखन क्षमता, विद्यालय प्रकृतिको आधारमा निबन्धलेखन क्षमता, लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । अध्ययनलाई वस्तुपरक बनाउनका लागि परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशताङ्क, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूलाई उपयोग गरिएको छ ।

## ४.१ प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिको विश्लेषण यहाँ गरिएको छ । सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको निबनधलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४.१

**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति**


| जम्मा | २१-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र |
| १०० | ४ | ४ | १६ | १६ | ३० | ३० | २० | २० | २२ | २२ | ७ | ७ | १ | १ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथि दिइएको तालिका अनुसार समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अङ्क विश्लेषण गर्दा यहाँ नमुना छनोटमा परेका कुल विद्यार्थीहरूको प्राप्ताङ्कलाई सात श्रेणीमा विभाजन गरिएको छ । यसमा २१-३० अङ्क ल्याउने ४ जना अर्थात् ४ प्रतिशत, ३१-४० अङ्क ल्याउने १६ जना अर्थात् १६ प्रतिशत रहेका छन् भने ४१-५० अङ्क ल्याउने ३० जना अर्थात् ३० प्रतिशत, ५१-६० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० जना अर्थात् २० प्रतिशत छन् । त्यस्तै ६१-७० अङ्क ल्याउने ल्याउने विद्यार्थी सङ्ख्या २२ जना अर्थात् २२ प्रतिशत, ७१-८० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ जना अर्थात् ७ प्रतिशत र ८१ भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना अर्थात् १ प्रतिशत देखिन्छ ।

**स्तम्भ चित्र ४.१**

**प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको स्तम्भ चित्रको आधारमा नतिजाको विश्लेषण गर्दा सबै भन्दा तल्लो तहका २१-३० प्राप्ताङ्क हासिल गर्ने ४ जना रहेका छन् । ३१-४० सम्म प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या १६ जना रहेका छन् भने ४१-५० सम्म प्राप्ताङ्क हासिल गर्ने ३० जना र ५१-६० सम्म प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या २० जना रहेका छन् । ६१-७० सम्म प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या २२ जना छन् । ७१-८० सम्म प्राप्ताङ्क हासिल गर्ने

विद्यार्थी सङ्ख्या ७ जना रहेका छन् । ८१ भन्दा माथि प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या १ जना रहेको छ । प्रस्तुत तथ्याङ्कलाई वृत्त चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**वृत्तचित्र ४.१**

**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको वृत्तचित्रको आधारमा नतिजाको विश्लेषण गर्दा सबैभन्दा तल्लो तहमा २१-३० प्राप्ताङ्क हासिल गर्ने ४ जना ३१- ४० प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या १६ जना र ४१-५० प्राप्ताङ्क हासिल गर्ने ३० जना रहेका छन् । ५१-६० सम्म प्राप्ताङ्क हासिल गर्ने २० जना छन् । ६१-७० सम्म प्राप्ताङ्क हासिल गर्ने २२ जना रहेका छन् । ७१-८० सम्म प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी ७ जना र ८१ भन्दा माथि प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी १ जना रहेको छ । निष्कर्षमा भन्नुपर्दा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र, छात्राहरूको निबन्धलेखन क्षमता औसतमाथि रहेको पाइयो ।

## ४.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४.२

**मध्यमानको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**


| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५२ | ८.७ | ५० | ५० | ५० | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकामा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत पाँच सामुदायिक र पाँच र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखनमा प्राप्ताङ्कको मध्यमान ५२ रहेको छ । यसलाई प्रतिशतमा गणना गर्दा ५२ नै हुने आउँछ । मध्यमानभन्दा बढी अङ्क ल्याउने ५० जना अर्थात् ५० प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने ५० जना अर्थात् ५० प्रतिशत विद्यार्थी रहेका छन् । १०० पूर्णाङ्कको परीक्षामा विद्यार्थीहरूको मानक विचलन भने ८.७ रहेको छ ।

**स्तम्भ चित्र ४.२**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता प्रतिशतमा**





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

यसरी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बराबर रहेकाले समग्रमा नुवाकोट जिल्लाको निबन्धलेखन क्षमता सन्तोषजनक नै देखिन्छ । प्रस्तुत तथ्याङ्कलाई वृत्त चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**वृत्तचित्र ४.२**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको वृत्तचित्रमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखनमा प्राप्ताङ्कको मध्यमानभन्दा  बढी अङ्क ल्याउने ५० र मध्यमानभन्दा  कम अङ्क ल्याउने पनि ५० प्रतिशत नै रहेको छ । समग्रमा नुवाकोट जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता औषत माथि रहेको देखिन्छ ।

## ४.३ निष्कर्ष

नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा आधारित रहेको छ । अध्याय चारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो रह्यो भनेर प्राप्ताङ्कहरूलाई प्रतिशताङ्क मध्यमान र मानक विचलनको आधारमा व्याख्या विश्लेषण गरिएको छ । समग्रताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५२ रहेको छ । मध्यमानभन्दा  बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५० अर्थात् ५० प्रतिशत, र मध्यमानभन्दा  कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५० अर्थात् ५० प्रतिशत रहेको छ । यसरी हेर्दा समग्रमा नुवाकोट जिल्लामा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय पाँच

# विद्यालय प्रकृतिका आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता

नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरू मध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूका उत्तरहरूका आधारमा कक्षा नौका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति यहाँ विश्लेषण गरिएको छ :

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई आधार बनाइएको छ । जसमा नुवाकोट जिल्लाका पाँच सामुदायिक विद्यालयका ५० जना र पाँच संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरू रहेका छन् । छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको व्याख्या तथा विश्लेषण तलको तालिकामा गरिएको छ ।

## ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययरनत विद्यार्थीहरूको निबन्धलेखन क्षमता अध्ययनका लागि सामुदायिक विद्यालयलाई नमुना छनोट गरिएको छ । नमुना छनोटमा परेका पाँचवटा सामुदायिक विद्यालयका पाँचजना छात्र र पाँचजना छात्रा गरी प्रत्येक विद्यालयबाट १० जनाको छनोट गरी ५० जना छात्रछात्राहरूको निबन्धलेखन गराइएको छ । यसरी निबन्धलेखन परीक्षणपश्चात् प्राप्त प्राप्ताङ्कको आधारमा निबन्धलेखनको क्षमतालाई तालिकामा प्रस्तुत गरिएको छ ।

### ५.१.१ प्राप्ताङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा नमुनाका रूपमा परेका नुवाकोट जिल्लाका पाँच सामुदायिक विद्यालयका १०/१० जनाका दरले ५० जना कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ :

तालिका ५.१

प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता


| जम्मा | २१-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र |
| ५० | २ | ४ | १२ | २४ | १७ | ३४ | ८ | १६ | ९ | १८ | २ | ४ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिका अनुसार सामुदायिक विद्यालयका ५० विद्यार्थीहरूलाई १०० पूर्णाङ्कको निबन्धलेखन क्षमतामा सबै भन्दा कम अङ्क २ जना अर्थात् ४ प्रतिशतले ल्याएका छन् । त्यस्तै ३१-४० अङ्क ल्याउने विद्यार्थीहरू १२ जना अर्थात् २४ प्रतिशत रहेका छन् । ४१-५० अङ्क ल्याउने १७ जना अर्थात् ३४ प्रतिशत रहेका छन् । यसमा सबैभन्दा बढी सङ्ख्या रहेको देखिन्छ । ५१ -६० अङ्क ल्याउने ८ जना अर्थात् १६ प्रतिशत रहेका छन् । ६१-७० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् । ७१-८० अङ्क ल्याउने २ जना अर्थात् ४ प्रतिशत रहेका छन् भने ८१ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या सून्य देखिएको छ । जसले गर्दा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत सामुदायिक विद्यालय तर्फका विद्यार्थीहरूको निबन्धलेखन क्षमता औसत माथि रहेको पाइयो ।

स्तम्भ चित्र ५.१

प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको स्तम्भ चित्रलाई विश्लेषण गर्दा ३० भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र ३० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४८ रहेकाले समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई औसत माथिको श्रेणी मान्न सकिन्छ । प्रस्तुत तथ्याङ्कलाई वृत्त चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

वृत्तचित्र ५.१

प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको वृत्त चित्रलाई विश्लेषण गर्दा ३० भन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २ जना र ३० भन्दा माथि प्राप्ताङ्क हुने विद्यार्थी सङ्ख्या ४८ जना रहेकाले समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम रहेको देखिन्छ ।

### ५.१.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता

प्रस्तुत अध्ययनमा नमुनाका रूपमा परेका नुवाकोट जिल्लाका पाँच सामुदायिक विद्यालयका १०/१० जनाका दरले ५० जना कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ :

### तालिका ५.२

### मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता


| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५३.२३ | १३.५ | १९ | ३८ | ३१ | ६२ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

उपर्युक्त तालिकामा नुवाकोट जिल्लाका पाँच सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले निबन्ध लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५३.२३ देखाइएको छ भने प्रतिशत पनि ५३.२३ नै रहेको छ । मध्यमानलाई आधारमानी हेर्दा मध्यमानभन्दा  माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १९ जना र प्रतिशत ३८ रहेको छ भने मध्यमानभन्दा  कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ जना र ६२ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उक्त तालिकामा मध्यमानमा लेखिएको मानक विचलन १३.५ रहेको छ ।

### स्तम्भ चित्र ५.२

### मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

यसरी मध्यमानभन्दा  बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १९ अर्थात् ३८ प्रतिशत र मध्यमानभन्दा  कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३१ अर्थात् ६२ प्रतिशत रहेकाले विद्यार्थीहरूको निबन्धलेखन क्षमता औसत श्रेणी रहेको मान्न सकिन्छ ।

**वृत्तचित्र ५.२**

**मध्यमान र मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरको निबन्धलेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको वृत्त चित्रमा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३८ प्रतिशत र मध्यमानभन्दा  कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ६२ प्रतिशत रहेकोले विद्यार्थीहरूको निबन्धलेखन क्षमता औसत श्रेणी रहेको मान्न सकिन्छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा नुवाकोट जिल्लाका पाँच संस्थागत विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका पाँच संस्थागत विद्यालयका १०/१० जनाका दरले जम्मा ५० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्न अनुसार रहेको छ :

### ५.२.१ प्राप्ताङ्कको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.३

प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता


| जम्मा | २१-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र |
| ५० | २ | ४ | ४ | ८ | १३ | २६ | १२ | २४ | १२ | २६ | ५ | १० | १ | २ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिका अनुसार ३० भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २ जना अर्थात् ४ प्रतिशत ३१-४० अङ्क ल्याउने ४ जना अर्थात् ८ प्रतिशत ४१-५० अङ्क ल्याउने १३ जना अर्थात् २६ प्रतिशत ५१ - ६० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत ६१-७० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत ७१-८० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ जना अर्थात् १० प्रतिशत र ८० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना अर्थात् २ प्रतिशत रहेको पाइयो । यसर्थ नुवोकाट जिल्लाको संस्थागत विद्यालयको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

**स्तम्भ चित्र ५.३**

**प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयको निबन्धलेखन क्षमता**





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको चित्रलाई आधार मानी हेर्दा नुवाकोट जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता औसत माथिको श्रेणी रहेको मान्न सकिन्छ ।

**वृत्तचित्र ५.३**

**प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयको निबन्धलेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको वृत्तचित्र अनुसार ३० भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ४ प्रतिशत, ३१- ४० अङ्क ल्याउने ८ प्रतिशत, ४१-५० अङ्क ल्याउने २६ प्रतिशत ५१-६० अङ्क ल्याउने २४ प्रतिशत ६१-७० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ प्रतिशत ७१-८० अङ्क ल्याउने १० प्रतिशत र ८१ भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ प्रतिशत रहेको पाइयो ।

### ५.२.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५.४

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता**


| जम्मा विद्यार्थी सङ्ख्या | मानक विचलन | मध्यमान | प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १३.२ | ५५.३ | ५५.३ | ३१ | ६२ | १९ | ३८ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथि देखाइएको तालिकाको आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५५.३ देखिएको छ । यसलाई प्रतिशतमा गणना गर्दा ५५.३ नै हुन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ जना र ६२ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १९ जना र ३८ प्रतिशत रहेको छ । यसबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइयो ।

**स्तम्भ चित्र ५.४**

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको चित्रलाई हेर्दा मध्यमानभन्दा  तल १९ अर्थात् ३८ प्रतिशत र मध्यमानभन्दा तल ३१ अर्थात् ६२ प्रतिशत रहेको छ ।

**वृत्तचित्र ५.४**

**मध्यमान र प्रतिशत र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको वृत्तचित्रलाई हेर्दा मध्यमानभन्दा  तल १९ अर्थात् ३८ प्रतिशत र मध्यमानभन्दा  माथि ३१ अर्थात् ६२ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या बढी भएको हुँदा तथ्याङ्कका आधारमा यस श्रेणीलाई औसत माथिको मान्न सकिन्छ ।

### ५.२.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

तालिका ५.५

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

| समुह | विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स | प्र | स | प्र |
| सामुदायिक | ५० | ५२ | ५३.२३ | १३.५ | १९ | ३८ | ३१ | ६२ |
| संस्थागत | ५० | | ५५.३ | १३.२ | ३१ | ६२ | १९ | ३८ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।


माथि दिइएको तालिका अनुसार विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति देखाइएको छ । जसमा नुवाकोट जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्याललाई नमुनाका रूपमा लिइएको छ । प्रयुक्त विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ ।

तसर्थ तालिका अनुसार यहाँ १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५२ रहेको छ । त्यसै गरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू

मध्यमान र मानक विचलन छुट्टा छुट्टै रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५३.२३ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५५.३ रहेको छ । त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १३.५ रहेको छ भने संस्थागत विद्यलायको विद्यार्थीहरूको मानक विचलन १३.२ रहेको छ । यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई हेर्दा मध्यमानभन्दा  माथि अङ्क ल्याउने सरकारी विद्यार्थीको सङ्ख्या १९ अर्थात् ३८ प्रतिशत छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा  माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ अर्थात् ६२ प्रतिशत रहेको पाइन्छ । तसर्थ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई हेर्दा सामुदायिक विद्यालयको विद्यार्थीको निबन्ध लेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता भन्दा कमजोर भएकाले सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

**स्तम्भ चित्र ५.५**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको चित्रमा सामुदायिक विद्यालयमा मध्यमानभन्दा  माथि अङ्क ल्याउने ३८ प्रतिशत र मध्यमानभन्दा  तल अङ्क ल्याउने ६२ प्रतिशत रहेको छ । त्यस्तै संस्थागत

विद्यालयमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ६२ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने ३८ प्रतिशत रहेको देखिन्छ ।

## ५.३ निष्कर्ष

अध्याय पाँचमा विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयलाई नमुना छनोट गरी यी दुई प्रकृतिका विद्यालयको तुलनात्मक अध्ययन गरिएको छ । लैङ्गिकताका आधारमा हेर्दा छात्रा विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५६.३ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्राहरूको सङ्ख्या ३३ अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने छात्राहरूको सङ्ख्या १७ अर्थात् ३४ प्रतिशत देखिन्छ । त्यसैगरी छात्र विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ४७.७ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्रहरूको सङ्ख्या १७ अर्थात् ३४ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने छात्रहरूको सङ्ख्या ३३ अर्थात् ६६ प्रतिशत रहेको छ । प्रस्तुत तथ्याङ्कका आधारमा छात्रहरूको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता राम्रो देखिन्छ ।

# अध्याय छ

# लैङ्गिकताका आधारमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता

नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनर विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कको आधारमा कक्षा नौमा अध्ययनरत छात्र र छात्राको निबन्ध लेखन क्षमताको विश्लेषण गरिएको छ ।

नुवाकोट जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्दा लैङ्गिकताका आधारमा विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताको दृष्टिकोणले कक्षा नौमा अध्ययनरत छात्र छात्राको निबन्धलेखन क्षमताको व्याख्या तथा विश्लेषण तलको तालिकामा छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

## ६.१ छात्रहरूको निबन्धलेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

### ६.१.१ प्राप्ताङ्कका आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा छनोटमा परेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र विद्यार्थीहरूलाई मात्र नमुनाको रूपमा लिइएको छ । नमुनाका रूपमा लिइएका छात्रको निबन्धलेखन क्षमताको स्थिति निम्न अनुसार रहेको छ :

तालिका ६.१

प्राप्ताङ्कका आधारमा छात्रको निबन्धलेखन क्षमता


| जम्मा | २१-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र |
| ५० | ४ | ८ | ११ | २२ | १८ | ३६ | ६ | १२ | ९ | १८ | २ | ४ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकामा कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्रले प्राप्त गरेको प्राप्ताङ्क विश्लेषण गरी देखाइएको छ । यस तालिका अनुसार ५० जना छात्र विद्यार्थीहरूमध्ये २१-३० सम्म अङ्क ल्याउने ४ जना अर्थात् ८ प्रतिशत रहेका छन्, त्यसैगरी ३१-४० अङ्क ल्याउने ११ जना अर्थात् २२ प्रतिशत छन् भने ४१ -५० अङ्क ल्याउने १८ प्रतिशत ६१-७० अङ्क ल्याउने ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् । ७१-८० सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ जना अर्थात् ४ प्रतिशत रहेको छ । त्यस्तै गरी ८१ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या शून्य रहेको पाइयो ।

**स्तम्भ चित्र ६.१**

**प्राप्ताङ्कका आधारमा छात्रको निबन्धलेखन क्षमता**





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकामा कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यलायका छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई विश्लेषण गरी देखाइएको छ । यस तालिका अनुसार ५० जना छात्रहरू मध्ये ३० भन्दा कम अङ्क ल्याउने ४ जना अर्थात् ८ प्रतिशत त्यसै गरी ३१-४० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ११ जनाा अर्थात् २२ प्रतिशत ४१-५० अङ्क प्राप्त गर्ने १८ जना अर्थात् ३६ प्रतिशत ५१- ६० अङ्क प्राप्त गर्ने ६ जना अर्थात् १२ प्रतिशत ६१-७० अङ्क ल्याउने ९ जना अर्थात् १८ प्रतिशत ७१-८० अङ्क

ल्याउने २ जना ४ प्रतिशत ८१ भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सून्य रहेको पाइयो ।

**वृत्तचित्र ६.१**

**प्राप्ताङ्कका आधारमा छात्रको निबन्धलेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको वृत्तचित्रमा २१-३० सम्मको स्केलमा अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्यालाई प्रतिशतमा बदलेर हेर्दा ८ प्रतिशत छन् भने ३१-४० अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २२ प्रतिशत रहेका छन् । ४१ -५० अङ्क ल्याउने ३६ प्रतिशत ५१-६० अङ्क ल्याउने १२ प्रतिशत छन् भने ६१-७० अङ्क ल्याउने १८ प्रतिशत र ७१-८० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ प्रतिशत छन् । त्यस्तै ८१ भन्दा माथि अङ्क ल्याउने शून्य प्रतिशत रहेको देखिन्छ ।

### ६.१.२ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६.२

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्रको निबन्धलेखन क्षमता**


| जम्मा विद्यार्थी सङ्ख्या | मानक विचलन | मध्यमान | प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १३ | ४७.७ | ४७.७ | १७ | ३४ | ३३ | ६६ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिका अनुसार ५० जना छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४७.७, प्रतिशत ४७.७ र मानक विचलन १३ रहेको पाइयो उक्त परीक्षणमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७ अर्थात् ३४ प्रतिशत रहेको छ, त्यसैगरी मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३३ अर्थात् ६६ प्रतिशत रहेको पाइन्छ । प्राप्त तथ्याङ्कको आधारमा छात्रको निबन्ध लेखन क्षमता औसत श्रेणीमा रहेको देखिन्छ ।

स्तम्भ चित्र ६.२

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूका निबन्धलेखन क्षमता**





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको चित्रको आधारमा नुवाकोट जिल्लाको सामुदायिक र संस्थागत विद्यालयमा कक्षा नौमा अध्ययनरत छात्रहरूको निबन्धलेखन क्षमतालाई विश्लेषण गर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने छात्र सङ्ख्या १७ अर्थात् ३४ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३३ अर्थात् ६६ प्रतिशत रहेको पाइयो ।

**वृत्तचित्र ६.२**

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्रको निबन्धलेखन क्षमता**




माथिको चित्रको आधारमा हेर्दा मध्यमानभन्दा कम अङ्क ल्याउने ६६ प्रतिशत औषत श्रेणीमा रहेका छन् भने मध्यमानभन्दा बढी अङ्क ल्याउने अर्थात् राम्रो ल्याउने विद्यार्थी सङ्ख्या ३४ प्रतिशत रहेको पाइन्छ ।

## ६.२ छात्राको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा नुवाकोट जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका जम्मा ५० जना छात्राहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका कक्षा नौमा अध्ययनरत छात्राको निबन्धलेखन क्षमताको स्थिति निम्न अनुसार रहेको छ :

### ६.२.१ प्राप्ताङ्कका आधारमा छात्राको निबन्धलेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा छात्राको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६.३

प्राप्ताङ्कका आधारमा छात्राको निबन्धलेखन क्षमता


| जम्मा | २१-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र | सं. | प्र |
| ५० | ० | ० | ५ | १० | १२ | २४ | १४ | २८ | १३ | २६ | ५ | १० | १ | २ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथि देखाइएको तालिका अनुसार ५० जना छात्रा विद्यार्थीहरूमा गराइएको निबन्धलेखनमा २१-३० अङ्क ल्याउने सून्य जना रहेको पाइयो । त्यस्तै ३१-४० सम्म अङ्क ल्याउने ५ जना अर्थात् १० प्रतिशत ४१-५० सम्म अङ्क ल्याउने १२ जना अर्थात् २४ प्रतिशत ५१-६० सम्म अङ्क ल्याउने १४ जना अर्थात् २८ प्रतिशत, ६१-७० अङ्क ल्याउने १३ जना अर्थात् २६ प्रतिशत ७१-८० अङ्क ल्याउने ५ जना अर्थात् १० प्रतिशत र ८१ भन्दा माथि अङ्क ल्याउने १ जना अर्थात् २ प्रतिशत रहेको पाइयो ।

स्तम्भ चित्र ६.३

प्राप्ताङ्कका आधारमा छात्राको निबन्धलेखन क्षमता





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथि देखाइएको चित्र अनुसार २१-३० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सून्य रहेको पाइयो । त्यस्तै ३१-४० अङ्क ल्याउने १० प्रतिशत रहेका छन् । त्यस्तै ४१ भन्दा माथि ५० भन्दा कम अङ्क ल्याउने २४ प्रतिशत, रहेको छ । ५१-६० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ प्रतिशत ६१-७० अङ्क ल्याउने २६ प्रतिशत ७१-८० अङ्क ल्याउने १० प्रतिशत र ८१ भन्दा माथि अङ्क ल्याउने २ प्रतिशत रहेको पाइयो समग्रमा नुवाकोट जिल्लाका कक्षा नौ मा अध्ययनरत छात्राको निबन्धलेखन क्षमता औसत माथि राम्रो रहेको मान्न सकिन्छ ।

वृत्तचित्र ६.३

प्राप्ताङ्कका आधारमा छात्राको निबन्धलेखन क्षमता




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको वृत्तचित्रका अनुसार २१-३० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सून्य प्रतिशत ३१ भन्दा माथि ४० भन्दा कम अङ्क ल्याउने १० प्रतिशत रहेका छन् । ४१ भन्दा माथि ५० भन्दा कम अङ्क ल्याउने २४ प्रतिशत, ५१ भन्दा माथि ६० भन्दा कम अङ्क ल्याउने २८ प्रतिशत रहेका छन् । ६१ भन्दा माथि ७० भन्दा कम अङ्क ल्याउने २६ प्रतिशत छन् भने ७१ भन्दा माथि ८० भन्दा कम अङ्क ल्याउने १० प्रतिशत र ८१ भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ प्रतिशत रहेको पाइयो ।

### ६.२.२ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्राको निबन्धलेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनको आधारमा छात्राको निबन्ध लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका ६.४

### मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्राको निबन्धलेखन क्षमता


| जम्मा विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०० | ५६.३ | ५६.३ | १२.१ | ३३ | ६६ | १७ | ३४ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकामा कक्षा नौमा अध्ययनरत छात्राको निबन्धलेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५६.३, मानक विचलन १२.१ र मध्यमानको प्रतिशत ५६.३ रहेको पाइयो । उक्त तालिकाको मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीरुको सङ्ख्या ३३ जना अर्थात् ६६ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम निबन्धलेखन क्षमता भएको विद्यार्थी सङ्ख्या १७ जना अर्थात् ३४ प्रतिशत रहेको छ । समग्रमा छात्राहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइयो ।

### स्तम्भ चित्र ६.४

### मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्राको निबन्धलेखन क्षमता





स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत स्तम्भ चित्रका आधारमा मध्यमानभन्दा बढी र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्यालाई देखाइएको छ । जहाँ मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्यालाई प्रतिशतमा देखाउँदा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सङ्ख्या ६६ र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने सङ्ख्या ३४ रहेको छ ।

**वृत्तचित्र ६.४**

**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्राको निबन्धलेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत वृत्तचित्रका आधारमा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सङ्ख्या ६६ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३४ प्रतिशत रहेकोले छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको पाइन्छ । यसलाई धेरै राम्रो श्रेणी मानिएको छ ।

### ६.२.३ छात्र र छात्राको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्राप्त तथ्याङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६.५

छात्र र छात्राको निबन्धलेखन क्षअमताको तुलना

| समुह | विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स | प्र | स | प्र |
| छात्र | ५० | ५२ | ५३.२३ | ४७.७ | १३ | १७ | ३४ | ३३ | ६६ |
| छात्रा | ५० | | ५५.३ | ५६.३ | १२.१ | ३३ | ६६ | १७ | ३४ |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिका अनुसार लैङ्गिकताका आधारमा छात्र र छात्राको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ । तालिका अनुसार समग्र विद्यार्थीहरूको मध्यमान ५२ रहेको छ । भने छात्रा र छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशत र मानक विचलन छुट्टा छुट्टै देखाइएको छ जस अन्तर्गत छात्राहरूले प्राप्त गरेको मध्यमान ४७.७ मानक विचलन १३ र प्रतिशत ४७.७ रहेको छ त्यसैगरी छात्राहरूको प्राप्त गरेको मध्यमान ५६.३ मानक विचलन १२.१ र प्रतिशत ५६.३ रहेको छ ।

त्यसैगरी छात्रहरूले प्राप्त गरेको मध्यमानभन्दा  बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७ जना र ३४ प्रतिशत, मध्यमानभन्दा  कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३३ जना र ६६ प्रतिशत देखिन्छ । त्यसैगरी छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्राहरूको सङ्ख्या ३३ जना र ६६ प्रतिशत छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने छात्राहरूको सङ्ख्या १७ जना र ३४ प्रतिशत रहेको पाइयो । तसर्थ छात्र र छात्राहरूको निबन्धलेखन क्षमतालाई तुलना गरेर हेर्दा छात्रहरूको तुलनामा मध्यमानभन्दा  बढी अङ्क ल्याउने छात्राहरूको निबन्धलेखन क्षमता बढी देखिन्छ । त्यसकारण छात्र भन्दा छात्राहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको कुरा माथिको तालिकाले स्पष्ट पार्दछ ।

स्तम्भ चित्र ६.५

छात्र र छात्राको निबन्धलेखन क्षमताको तुलना




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

यसर्थ नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्दा छात्रको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता बढी देखिन्छ । त्यसकारण छात्रको तुलनामा छात्राको निबन्धलेखन क्षमता उच्च रहेको पाइन्छ ।

## ६.३ निष्कर्ष

अध्याय छमा लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । लैङ्गिकताको आधारमा अध्ययन गर्नका लागि छनोट गरिएका प्रत्येक विद्यालयबाट ५ जना छात्र र ५ जना छात्रा गरी ५०/५० जना रहेका छन् । यिनीहरूलाई प्रतिशताङ्क, मध्यमान र मानक विचलनका आधारमा व्याख्या विश्लेषण गरिएको छ । विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५३.२३ रहेको छ । भने संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५५.३ रहेका छ । मध्यमान भन्दा बढी अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ अर्थात् ३८ प्रतिशत र मध्यमान भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१

अर्थात् ६२ प्रतिशत रहेका छ । त्यसैगरी मध्यमान भन्दा बढी अङ्क ल्याउने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३१ अर्थात् ६२ प्रतिशत र मध्यमान भन्दा कम अङ्क ल्याउनते विद्यार्थी सङ्ख्या १९ अर्थात् ३८ प्रतिशत देखिन्छ । माथिको नतिजाका आधारमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च देखिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

भाषाका चार वटा सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये लेखाइ सीप एउटा महत्त्वपूर्ण सिप हो । विद्यार्थीहरूमा शुद्ध र स्तरीय भाषा प्रयोग गर्नका लागि लेखाइ सीपले उल्लेखनीय भूमिका खेल्दछ । निबन्ध लेखनकला सिपको उच्च स्तरीय सिप अन्तर्गत पर्दछ । त्यसैले प्रारम्भिकताबाटै विद्यार्थीहरूमा लेखन सीपको विकास गर्नको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ ।

यस अध्ययनमा प्रस्तुत शोधकार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचो, छैठौ र सातौँ गरी जम्मा सात अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकमा शोधको परिचय र यस अन्तर्गत विषय प्रवेश अथवा अध्ययनको पृष्ठभूमि, समस्याकथन शोधकार्यको उद्देश्य सान्दर्भिकता र उपयोगिता, अध्ययनको सिमाङ्कन रूपरेखा आदि पर्दछन् ।

अध्याय दुई पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणालाई समेटिएको छ । यस अन्तर्गत निबन्धको परिचय परिभाषा निबनधलेखनको भूमिका निबन्ध शिक्षणको प्रयोजन, निबन्धशिक्षणको आवश्यकता र महत्त्व निबन्धलेखनका क्रियाकलापहरू समेटिएका छन् ।

अध्याय तिनमा शोधविधि र प्रक्रियालाई राखिएको छ । जस अन्तर्गत शोधविधिमा पुस्तकालयीय अध्ययन विधि, क्षेत्रीय अध्ययन विधि, जनसङ्ख्या नमुना छनोट, त्यसैगरी सामग्री सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलन र विश्लेषण, अनुसन्धानमा साङ्ख्यिकीको प्रयोगलाई समेटिएको छ ।

अध्याय चारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन, प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थितिलाई प्रस्तुत गरिएको छ ।

अध्याय पाँच अन्तर्गत विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन, प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय छमा लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति मध्यमान, मानक विचलन र प्रतिशतको आधारमा छात्र र छात्राको निबन्धलेखन क्षमताको तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय सात अन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

उपर्युक्त अध्ययनबाट प्राप्त हुन आएको निष्कर्षलाई यसप्रकार उल्लेख गरिएको छ :

नुवाकोट जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनबाट प्राप्त नतिजाको आधारमा हेर्दा विद्यार्थीहरूमा निबन्ध लेखन क्षमताको अध्ययन गराउने क्रममा विद्यालयमा निबन्ध लेखनको अभ्यास प्रशस्त मात्रामा नगराएको पाइयो । त्यस्तै विद्यार्थीहरूमा निबन्धलेखनको ढाँचाको राम्रो ज्ञान नभएको र निबन्धलेखनमा विद्यार्थीहरूले प्रयोग गरेको भाषाशैली मध्यम स्तरको भएपनि भाषिक शुद्धता भने कमजोर देखिएको छ ।

लेखनसीप विकासका दृष्टिले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालय अगाडि रहेको छ । यो नतिजाको आधारमा हेर्दा विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा निबनधलेखनलाई नसमेटिएको र निबन्धलेखन सम्बन्धी अभ्यास प्रशस्त नगराएको देखिन्छ भने संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको पठनपाठन त्यति प्रभावकारी नरहेको देखिन्छ ।

लैङ्गिकताको आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनलाई हेर्दा छात्रहरूको तुलनामा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो देखिन्छ ।

यसरी सम्पूर्ण कुराहरूलाई सूक्ष्म रूपमा विश्लेषण गरेर हेर्दा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरूपता पाइदैन् । त्यसैले विद्यार्थीहरूमा लेखन सिपको विकास गराउनुका साथै सिर्जनात्मक क्षमताको विकास गराउनको लागि विद्यालयमा निबन्धलेखनको अभ्यास गराउनुपर्ने देखिन्छ ।

## ७.३ सुझावहरू

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न लिखित सुझावहरू प्रस्तु गर्न सकिन्छ :

- विद्यार्थीहरूमा निबन्धलेखन क्षमताको समुचित रूपमा विकास गर्नको लागि प्राथमिक तहदेखि नै विद्यार्थीको उमेर, रुचि र स्तर सुहाउँदा लेखाइ सिपलाई विशेष रूपमा समावेश गरिएको पाठ्यपुस्तकको छनोट गरिनुपर्छ ।
- विद्यार्थीहरूलाई भाषा पाठ्यपुस्तकमा मात्र केन्द्रित नगराई पत्रपत्रिका लेखरचना र विभिन्न सन्दर्भ सामग्रहरूको अध्ययन गराउनुपर्दछ साथै विद्यालयमा रहेका विषय शिक्षकहरूले विद्यार्थीहरूमा निबन्ध लेखन क्षमताको अभिवृद्धिका लागि विभिन्न शीर्षकहरू दिई निबन्धलेखन को प्रशस्त अभ्यास गराउनु पर्छ ।
- विद्यार्थीहरूलाई निबन्धलेखनमा सक्षम बनाउनको लागि लेखन शिक्षणलाई विशेष जोड दिने खालको कार्यकलाप गराउनुपर्छ ।
- विद्यार्थीहरूलाई समय समयमा निबन्ध प्रतियोगिता गराउनुपर्छ ।
- निबन्धलेखनका तरिकालाई प्रमुख रूपमा लिइएर विद्यार्थीहरूमा निबन्धलेखन शैलीका बारेमा जानकारी दिनुपर्ने आवश्यकता रहेको छ ।

निबन्धलेखनका सन्दर्भमा विद्यार्थीहरूलाई शुद्ध लेखन गराउनका लागि विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनु पर्दछ । शुद्धता र स्पष्टतामा जोड दिइएर विद्यार्थीको रुचि र आवश्यकता अनुसारको विधि प्रयोग गर्नुपर्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, समय, परिस्थिति स्थान, अवस्था अनुसार व्यवस्थित रूपमा परिष्कार तथा परिमार्जन गर्न आवश्यक देखिन्छ ।

## ७.४ उपयोगिता

लेखन कलाको समुचित विकास गर्न, शब्दभण्डार क्षमताको विकास गर्न र सिर्जनात्मक क्षमताको विकास गराउनको लागि निबन्धलेखनको उच्च स्थान रहेको छ । लिखित अभिव्यक्ति दिने व्यक्तिका लेखोटमा देखापर्ने शब्द प्रयोगगत, वाक्य संरचनागत, विचार सङ्गठन वा प्रस्तुतीकरण र सफाइगत त्रुटिहरू क्रमशः कम गर्दै लगेर तिनीहरूको निराकरण तथा अभिव्यक्तिलाई स्तरीय बनाउको लागि विद्यार्थीहरूमा निबन्धलेखन गराउनु अति उपयोगि ठहरिन्छ ।

समग्रमा निबन्धलेखनको उपयोगितालाई नीतिग उपयोगिता र तहगत उपयोगिता गरी तल प्रस्तुत गरिएको छ :

### ७.४.१ नीतिगत तह

प्रस्तुत शोधको नीतिगत उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- प्रस्तुत शोधको अध्ययनबाट माध्यमिक तहको भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पूरा हुने गरी विधागत छनोट तथा क्षेत्र निर्धारण गर्न सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य लेखन क्षमताको अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने छ ।
- नेपाली भाषा पाठ्यक्रम निर्माण गर्दा परिष्कार र परिमार्जन गर्न सहयोग पुऱ्याउनेछ ।
- भावी दिनहरूमा निबन्धलेखन सम्बन्धी अध्ययन अनुसन्धान गर्न सहयोग मिल्नेछ ।
- निबन्धलेखनको विधि र प्रक्रियाबारे जानकारी गराउनेछ ।
- अध्यासात्मक खण्डमा सिर्जनात्मक अभ्यासको महत्त्व झल्काउने छ ।
- भाषाका चारैवटा सिपको उद्देश्य पूरा हुने गरी विधा र क्षेत्र छनोट गर्न सहयोग पुग्नेछ ।

- नुवाकोट जिल्लाका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न सहयोग पुग्नेछ ।
- लेखन क्षमताको मूल्याङ्कन गर्न सहयोग पुग्नेछ ।

### ७.४.२ प्रयोगगत तह

प्रस्तुत शोधको प्रयोगगत तहका उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- शिक्षकलाई पेशागत रूपमा सक्षम बनाई विद्यार्थीहरूलाई पुष्ठपोषण दिन,
- निबन्धलेखनका आवश्यक विधि र प्रक्रिया छनोट गर्न,
- लेखन सिपमा देखापरेका कमजोरीहरू निराकरणका लागि आवश्यक सुझाव दिन
- विद्यार्थीको स्तर क्षमता र उमेरअनुसार लेखनकला सिपको विकास गर्न
- विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा निबन्धलाई समेट्न
- निबन्ध र निबन्धलेखनका विधि, निबन्ध शिक्षणको आवश्यकता र प्रयोजनबारे जानकारी प्रदान गर्न,

## ७.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन
- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन
- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन
- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन
- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको मनोवाद लेखन क्षमताको अध्ययन

## सन्दर्भ ग्रन्थसूची


ओझा, रामनाथ (२०७१), *आधुनिक नेपाली निबन्ध र समालोचना,* काठमाडौँ : पाठशाला पब्लिकेशन प्रा.लि ।

खनाल, उत्तमराज (२०६७), 'कास्की जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

गिरी, गीता (२०७३), 'दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६८), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, लेखनाथ (२०७२), 'महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम. के पब्लिसर्स एण्ड डिष्ट्रब्युटर्स ।

तिमल्सिना, लक्ष्मी (२०७४), 'धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

दाहाल, दुर्गाप्रसाद (२०५८), *नेपाली नाटक निबन्ध भाषा साहित्य र इतिहास,* काठमाडौँ : के.पी. पुस्तक भण्डार ।

दुलाल, दिनानाथ (२०६८), 'रामेछाप जिल्लाका सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

दौत्याल, रणबहादुर (२०६४), 'कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूका निबन्धलेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

द्विवेदी, सरिसरनाथ (१९७१), *निबन्ध : सिद्धान्त और प्रयोग,* पटना विहार हिन्दी ग्रन्थ अकादमी ।

निउरे, ध्रुबप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनलाइट पब्लिकेशन प्रा.लि ।

पोखरेल, धनकुमारी (२०६७), 'बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पोखरेल, ऋषि (२०६९), 'पाल्पा जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बस्नेत, प्रत्युष (२०६८), 'महोत्तरी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *नेपाली गद्य र नाटक,* काठमाडौँ : विद्यार्थी पुस्कतक भण्डार ।

लौडारी, कृष्णकुमारी (२०७१), 'तनहुँ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीरुको निबन्धलेखन क्षमताको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०४३), *स्रष्टा, सृष्टि : द्रष्टा दृष्टि,* काठमाडौँः साझा प्रकाशन ।

## परिशिष्ट एक

## अध्ययनका क्रममा छनोट गरिएका विद्यालयहरूको नामावली

संस्थागत विद्यालयहरू

४. अर्किड एकेडेमी विदुर न.पा. ४, वट्टार, नुवाकोट

२. भैरवी एकेडेमी, विदुर नगरपालिका ४, वट्टार, नुवाकोट

३. शुभेनिसुर बोडिङ स्कुल विदुर न.पा. ३, वट्टार, नुवाकोट

१. सुर्यज्योति एकेडेमी, विदुर नगरपालिका ९, त्रिशुली कोलोनी, नुवाकोट

५. स्टार बोडिङ स्कुल, त्रिशुली कोलोनी, नुवाकोट

सामुदायिक विद्यालयहरू

३. त्रिभुवन त्रिशुली माध्यमिक विद्यालय, विदुर नगरपालिका ९, त्रिशुली, नुवाकोट

४. भीमसेन माध्यमिक विद्यालय, विदुर नगरपालिका २, वट्टार, नुवाकोट

२. भैरुम माध्यमिक विद्यालय, विदुर नगरपालिका ८, हात्तिगौडा, नुवाकोट

५. लक्ष्मेश्वरी माध्यमिक विद्यालय, बेलकोटगढी न.पा ३, नुवाकोट

१. वीरेन्द्र माध्यमिक विद्यालय, बेल्कोटगढी नगरपालिका २, नुवाकोट

# परिशिष्ट दुई

## अध्ययनका क्रममा छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको नामावली

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्क विवरण

| क.सं. | छात्र | प्राप्ताङ्क | क.सं. | छात्रा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | अपिल लामा | ५० | १. | अनुष्का कुमाल | ७० |
| २. | अनिल तामाङ | ४० | २. | अस्मिता गुरुङ | ७० |
| ३. | अस्विन न्यौपाने | ८० | ३. | आरती सुवेदी | ६० |
| ४. | अस्मित तामाङ | ४० | ४. | आस्मा रिजाल | ४० |
| ५. | आइसिङ तामाङ | ४० | ५. | करिना कमर | ५० |
| ६. | आयुष लामा | ४० | ६. | कृतिका रिमाल | ५० |
| ७. | उमेश न्यौपाने | ७० | ७. | गंगा तामाङ | ६० |
| ८. | एलिस सिटौला | ५० | ८. | जीना श्रेष्ठ | ६० |
| ९. | केशवमणि आचार्य | ५० | ९. | दिपिका तामाङ | ६० |
| १०. | गोकर्ण सिटौला | ४० | १०. | निर्मला गुरुङ | ५० |
| ११. | दिनेश तामाङ | ५० | ११. | निरुता दियाली | ५० |
| १२. | दिपराज गुरुङ | ७० | १२. | पुष्पा मुडभरी | ८० |
| १३. | नरेश कुँवर | ४० | १३. | प्रमिला गुरुङ | ६० |
| १४. | प्रदीप मुडभरी | ५० | १४. | प्रकृति अधिकारी | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | विकेश माझी | ५० | १५. | प्रेरणा घले | ५० |
| १६. | विजेन तामाङ | ५० | १६. | विनिता गौतम | ७० |
| १७. | विपिन ढकाल | ५० | १७. | मञ्जु अधिकारी | ६० |
| १८. | मनोज तामाङ | ६० | १८. | मन्दिरा तामाङ | ४० |
| १९. | मुकेश तामाङ | ३० | १९. | सम्झना मुडभरी | ४० |
| २०. | रवि पुडासैनी | ७० | २०. | सन्जिता गौतम | ७० |
| २१. | रविन्द्र मुडभरी | ४० | २१. | सरला गौतम | ५० |
| २२. | रेशम तामाङ | ५० | २२. | सन्ध्या थापा | ५० |
| २३. | लक्ष्मण मगर | ३० | २३. | सरिता तामाङ | ४० |
| २४. | सविन सुवेदी | ५० | २४. | सरस्वती रिजाल | ४० |
| २५. | सरोज तामाङ | ७० | २५. | सोममाया तामाङ | ७० |

संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्क विवरण

| क.सं. | छात्र | प्राप्ताङ्क | क.सं. | छात्रा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | अरूण लामा | ६० | १. | अनुजा थापा | ८० |
| २. | आयुष पाण्डे | ५० | २. | आयुष्मा न्यौपाने | ५० |
| ३. | आशिष तामाङ | ४० | ३. | जोस्ना शाक्य | ६० |
| ४. | कमन घले | ६० | ४. | दुर्गा गिरी | ६० |
| ५. | कृष्ण लामिछाने | ७० | ५. | दिना कँडेल | ६० |
| ६. | दोर्जे तामाङ | ४० | ६. | पूजा भट्ट | ६० |
| ७. | प्रवेश श्रेष्ठ | ५० | ७. | वीमा घले | ७० |
| ८. | विकास शाह, ठकुरी | ४० | ८. | विमला तामाङ | ७० |
| ९. | विवेक तामाङ | ५० | ९. | विनिता न्यौपाने | ८० |
| १०. | मोफरहान | ६० | १०. | विपना कोइराला | ८० |
| ११. | युनिक पाठक | ५० | ११. | ममिता राना | ५० |
| १२. | योनसाङ तामाङ | ७० | १२. | रक्षा पौडेल | ७० |
| १३. | रसिक रिमाल | ३० | १३. | रिना तामाङ | ७० |
| १४. | राजदीप सापकोटा | ५० | १४. | रोसनी पन्थ | ७० |
| १५. | रूपेश रिमाल | ४० | १५. | श्रीजला अधिकारी | ६० |
| १६. | रोनक पौडेल | ७० | १६. | षष्टिका घिमिरे | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | रोहित थपलिया | ७० | १७. | सविना शिवभक्ति | ६० |
| १८. | निरज शाही | ८० | १८. | सलिना अधिकारी | ७० |
| १९. | श्रवण घिमिरे | ५० | १९. | सीमा लामा | ६० |
| २०. | सविन सुनार | ७० | २०. | सुविना बोगटी | ७० |
| २१. | सविन खतिवडा | ६० | २१. | सुनिता तामाङ | ७० |
| २२. | सुदिप त्रिपाठी | ६० | २२. | स्वीकृति ढकाल | ९० |
| २३. | सन्तोष सेढाई | ३० | २३. | स्वीकृति अधिकारी | ८० |
| २४. | सुवास तामाङ | ५० | २४. | स्वेच्छा पाठक | ५० |
| २५. | सोनुराज तामाङ | ५० | २५. | स्मारिका प्याकुरेल | ५० |

**त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभागमा प्रस्तुत गरिने शोधपत्रका लागि प्रस्तुत अनुसन्धानात्मक प्रश्नावली**

नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता

विद्यार्थी भाइबहिनीहरू यस प्रश्नको उत्तर शोधकार्यका लागि मात्र प्रयोग गरिने भएकाले यस प्रश्न उत्तीर्ण र अनुत्तीर्णको लागि नभई नितान्त अनुसन्धानको लागि प्रयोग गरिने भएकाले स्वभावित र मौलिक उत्तर दिनुहोला ।

विद्यालयको नाम : पूर्णाङ्कः

विषय : नेपाली समय :

विद्यार्थी नाम :

कक्षा

तलको शीर्षकमा २५० शब्द नबढाई निबन्ध लेख्नुहोस् ।

१) देश विकासमा विद्यार्थीको भूमिका

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | सविना मुडभरी |
| ठेगाना | : | बेलकोटगढी नगरपालिका-३, नुवाकोट |
| बुवाको नाम | : | नवराज मुडभरी |
| आमाको नाम | : | गंगादेवी मुडभरी |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | महिला |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क | : | ९८६०८०१३७८ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री वीरेन्द्र मा.वि., नुवाकोट | २०६४ |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री वीरेन्द्र उ.मा.वि., नुवाकोट | २०६८ |
| स्नातक तह (बी.एड.) | चण्डेश्वरी बहुमुखी क्याम्पस, तुप्चे, नुवाकोट | २०७२ |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | |